# उच्च माध्यमिक तहमा शैक्षणिक मूल्याङ्कन विषयको शैक्षिक उपलब्धिस्तर र यसका समस्याहरु

शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन मूल विषयको आंशिक आवश्यकता परिपूर्ति गर्नका लागि प्रस्तुत शोध-प्रतिवेदन

शोधकर्ता

चक्रबहादुर धामी

परीक्षा रोल नं.: २८००१६/०६५

त्रि.वि.वि. दर्ता नं: ९-२-२९-६७०-२०००

त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं

२०६८

उच्च माध्यमिक तहमा शैक्षणिक मूल्याङ्कन विषयको शैक्षिक उपलब्धिस्तर र यसका समस्याहरु – चक्रबहादुर धामी (२०६८)

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, स्नातकोत्तर तह, दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयका छात्र श्री चक्र बहादुर धामीले "उच्च माध्यमिक तहमा शैक्षणिक मूल्याङ्कन विषयको शैक्षिक उपलब्धिस्तर र यसका समस्याहरु" शीर्षकमा शोध प्रतिवेदन मेरो निर्देशन र सुझाव अनुसार तयार गर्नु भएको हो । म उहाँको लेखन कार्यमा पूर्ण रुपमा सन्तुष्ट भएकोले आवश्यक मूल्याङ्कनको लागि यस मूल्याङ्कन समितिमा सिफासिस गर्दछु ।

..................................

उप-प्रा. शरण हरि श्रेष्ठ

शोधनिर्देशक

मितिः २०६८/०२/११

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, स्नातकोत्तर तह, दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयका छात्र श्री चक्र बहादुर धामीले “उच्च माध्यमिक तहमा शैक्षणिक मूल्याङ्कन विषयको शैक्षिक उपलब्धिस्तर र यसका समस्याहरु” शीर्षक अन्तर्गत शोध प्रतिवेदन आवश्यक मूल्याङ्कनको लागि सिफारिस साथ यस मूल्याङ्कन समितिमा प्रस्ततु गर्नु भएकोमा यस मूल्याङ्कन समितिबाट आवश्यक मूल्याङ्कन गरी स्वीकृति गरिएको छ ।

| **मूल्यांकन समिति** | **हस्ताक्षर** |
|---|---|
| सह-प्रा. श्री नारायण बस्नेत<br>विभागीय प्रमुख | ................................. |
| श्री शरण हरि श्रेष्ठ<br>शोधनिर्देशक | ................................ |
| उप-प्रा. शिवराज बढु<br>वाह्य परीक्षक | .............................. |

मितिः २०६८/०२/११

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय अन्तर्गत पाठ्यक्रम तथा मूल्याङ्कन विभाग स्नातकोत्तर तह द्वितीय वर्षको अनिवार्य पत्रको रुपमा आंशिक आवश्यकता परिपूर्तिका लागि तयार पारिएको प्रस्तुत शोधपत्र उच्च माध्यमिक तहमा शैक्षणिक मूल्याङ्कन विषयको विषयगत शैक्षिक उपलब्धि अवस्था र यसका समस्याहरु : बझाङ्ग जिल्लाका ४ वटा उच्च मा.वि. छनौट गरी सम्बन्धित उ.मा.वि. का प्राचार्य, विषय शिक्षक, विद्यार्थी तथा अभिभावककहरुसँग प्रत्यक्ष, अप्रत्यक्ष भेटघाट गरी विभिन्न जानकारीका आधारमा तयार पारिएको छ । प्राप्त तथ्य तथ्याङ्क तथा जानकारीलाई बढी विश्वसनीय र वैध पार्ने प्रयास गरिएको छ यसले आगामी दिनमा, अन्य शैक्षिक विषयवस्तु अध्ययन अनुसन्धान गरी शैक्षिक कार्यक्रम संचालन गर्न सहयोग तथा उपयोगी हुनेमा मेरो विश्वास रहेको छ ।

सर्वप्रथम उपर्युक्त शीर्षक शोधपत्र लेखन कार्यका लागि प्रस्तुत प्रस्ताव स्वीकृत गरी शु-अवसर प्रदान गर्ने शिक्षाशास्त्र संकाय पाठ्यक्रम तथा मूल्याङ्कन विभागका तत्कालिन विभागीय प्रमुख प्रा.डा. श्री तीर्थराज पराजुली प्रति म सदा आभारी छु ।

प्रस्तुत शोधपत्र तयार गर्न सुरुदेखि अन्त्यसम्म प्रत्यक्ष सहयोग निर्देशन दिनुहुने श्रद्धेय गुरु श्री शरणहरी श्रेष्ठ ज्यू जसले सधै सद्भाव तरिकाले दिनु भएको मार्ग निर्देशन प्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधपत्र तयार पार्ने क्रममा मलाई विभिन्न व्यक्ति, संघ संस्था र सुभेच्छुकहरुबाट आवश्यकता अनुसार आ-आफ्नो ठाउँबाट विभिन्न प्रकारको सहयोग प्राप्त भएकोमा म सबैलाई आभार प्रकट गर्दछु ।

यस शोधपत्र तयार गर्दा आवश्यक सुझाव र प्रोत्साहन दिनु हुने सम्पूर्ण श्रद्धेय प्राध्यापक वर्गप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै अध्ययनमा परेका विद्यालयका प्राचार्य, शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, मेरा सहपाठी श्रृजना खनिया र मलाई सहयोग गर्ने भाइ लोकेन्द्र विष्ट, प्रदिप विष्ट (भक्त) तथा अन्य सहयोगीहरुले प्रदान गर्नु भएको सद्भावना र स्नेह पूर्ण सहयोग अविस्मरणीय रहनेछ । यसैगरी शोधपत्रको कम्प्युटर टाइप गर्ने जस्तो अथक परिश्रम गर्नु भएका रामकृष्ण महर्जनप्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

अन्त्यमा म मेरो कार्यप्रति श्रद्धा राख्ने सम्पूर्ण आफन्तजन, मित्रजन, सहपाठी साथीहरु र शुभचिन्तक महानुभावहरुलाई हार्दिक धन्यवाद दिदै आफ्नो अटुट परिश्रमबाट तयार भएको यो शोधपत्र उपयोगी हुने विश्वास गर्दछु ।

चक्र बहादुर धामी
शोधकर्ता

# शोधसार

उ.मा.वि. तहमा शैक्षणिक मूल्याङ्कन विषयलाई शिक्षाशास्त्र तर्फ अनिवार्य विषयको रुपमा राखिएको छ । यसको उद्देश्य शिक्षण विधामा सफल नागरिक तयार पार्नु रहेको छ । उ.मा.वि. मा शैक्षणिक मूल्याङ्कन अध्ययन गर्ने विद्यार्थीहरुको शैक्षिक उपलब्धिस्तर कस्तो छ र यसका समस्याहरु के के हुन् भन्ने बारेमा यस अध्ययनले खोजी गर्ने प्रयास गरहेको छ । यस अध्ययनको विशिष्ट उद्देश्यहरु उ.मा.वि. तहको शैक्षणिक मूल्याङ्कन विषयको शैक्षिक उपलब्धि स्तर पत्ता लगाउने, यस विषयप्रति विद्यार्थीको अवधारणा पत्ता लगाउने, शैक्षिक उपलब्धिका समस्या र समस्या समाधानका उपायहरु रहेको छ ।

बझाङ्ग जिल्लामा उ.मा.वि. परिषद्को तथ्याङ्क अनुसार २०६७ सालसम्म ३५ वटा उ.मा.वि. हरु संचालनमा छन् । जसमध्ये १० चिर बुङ्गल क्षेत्रमा मात्र १० वटा उ.मा.वि. रहेका छन् । प्रस्तुत शोध अध्ययनका लागि खिरातडी गा.वि.स.मा रहेको सरस्वती उ.मा.वि., सुनकुडा गा.वि.स.मा रहेको सुनकुडा उ.मा.वि., कपलसेरी गा.वि.स.मा रहेको महादेव उ.मा.वि. र देउलीको २ गा.वि.स.मा रहेको केदार उ.मा.वि. हरुलाई उद्देश्यमुलक नमुना छनाचेट विधिका आधारमा लिइएको छ । त्यस्तै ती उच्च मा.वि. कक्षा १२ मा शिक्षाशास्त्र अध्ययनरत विद्यार्थीहरुलाई नमुना सर्वेक्षण विधिका आधारमा प्रत्येक उ.मा.वि.बाट १०/१० जनाका दरले नमुना छनोटमा पारिएको थियो । प्रत्येक उ.मा.वि.का प्राचार्य, विषय शिक्षकहरुलाई छनोट गरिएको थियो । छनोटमा परेका उ.मा.वि.बाट उ.मा.वि. परीक्षा बोर्डबाट प्रकाशित २०६५, २०६६ को नतिजालाई शैक्षिक उपलब्धिको रुपमा लिइएको छ भने प्राचार्य, विषय शिक्षक, विद्यार्थी, अभिभावकहरुलाई प्रश्नावलीका आधारमा अन्तर्वार्ता लिई तथ्याङ्क संकलन गरिएको छ । तथ्याङ्कको व्याख्या र विश्लेषण गर्दा विद्यार्थीको उपलब्धिलाई औसत उपलब्धि, तालिका, स्तम्भ चित्र र वृत्तचित्रमा प्रस्तुत गरिएको छ ।

अध्ययनमा परेका विद्यार्थीहरुको प्राप्त शैक्षिक उपलब्धिलाई विश्लेषण गर्दा औसत शैक्षिक उपलब्धि २५.४५ रहेको छ भने छात्रतर्फ २५.८२ प्रतिशत र छात्रा तर्फ २५.१५ औसत उपलब्धि रहेको छ । जसमा सरस्वती उ.मा.वि.को २४.६, सुनकुडाको २७.२, केदारको २७.७ र महादेवको २३.८ शैक्षिक उपलब्धि रहेको पाइन्छ । विद्यार्थीहरुको औसत उपलब्धि स्तरलाई हेर्दा २५.४५ औसत उपलब्धि मध्यम स्तरको उपलब्धि मानिएतापनि यसैलाई राम्रो शैषिक उपलब्धि मान्न सकिँदैन । अझ यसलाई राम्रो गर्न नितान्त आवश्यक छ । शैक्षिक उपलब्धिका समस्याहरु जस्तै प्रशासनिक क्रियाकलापहरु, विषय शिक्षकले शैक्षिक सामग्रीको प्रयोगको अभाव, शैक्षिक योजनाको प्रयोगको अभाव, विद्यार्थी आफै अनुशासित नहुनु, शिक्षकलाई तालिमको अभाव, शैक्षिक भ्रमणको अभाव तथा शिक्षकलाई तलब भत्ता र सुविधाको अभावले गर्दा विद्यार्थीको शैक्षिक उपलब्धिमा असर पारेको देखिन्छ । त्यसैले उचित व्यवस्थापन गर्न, शैक्षिक उपलब्धिस्तर वृद्धि गर्न, सम्बन्धित वि.व्य.स., प्रशासक, प्राचार्य, विषय शिक्षक, विद्यार्थी तथा अभिभावकहरुले आ-आफ्नो पक्षबाट जिम्मेवारीका साथ उत्तरदायित्व बहन गरी शैक्षिक उपलब्धिस्तर वृद्धि गर्नुपर्ने यस अध्ययनले सिफारिस गर्दछ ।

# विषयसूची

*पेज नं.*

**सिफारि पत्र** **i**

**स्वीकृत पत्र** **ii**

**कृतज्ञता ज्ञापन** **iii**

**शोधसार** **vi**

**विषयसूची** **v**

**अध्याय एक**

**परिचय**

१.१ पृष्ठभूमि १

१.१.१ अध्ययन क्षेत्रको परिचय ५

१.२ समस्याको कथन ६

१.३ अध्ययनको महत्व ७

१.४ अध्ययनका उद्देश्यहरु ९

१.५ अध्ययनका परिसीमाहरु ९

**अध्याय दुई**

**पूर्वसाहित्यको समीक्षा**

२.१ सैद्धान्तिक साहित्य १०

२.२ अवधारणात्मक ढाँचा १५

**अध्याय तीन**

**अनुसन्धान पद्धति**

३.१ अनुसन्धान ढाँचा १६

३.२ जनसंख्या र नमूना छनौट प्रक्रिया १६

३.३ तथ्याङ्क संकलनका साधनहरुको निर्माण १७

३.३.१ प्राचार्य प्रश्नावली १७

३.३.२ शिक्षक प्रश्नावली १७

३.३.३ विद्यार्थी प्रश्नावली १७

३.३.४ अभिभावक प्रश्नावली १८

३.३.५ कक्षा अवलोकन फाराम १८

३.४ तथ्याङ्क संकलन प्रक्रिया १८
३.५ तथ्याङ्क विश्लेषण प्रक्रिया १९
३.६ तथ्याङ्कको स्रोत १९
३.७ नैतिकताको मापदण्ड १९

## अध्याय चार
## तथ्याङ्कको विश्लेषण र व्याख्या

४.१ कक्षा १२ का विद्यार्थीहरुको शैक्षिक उपलब्धि अवस्था २०
४.२ शैक्षिक उपलब्धि बारे सरोकारवालाको धारणा २३
४.३ विद्यार्थीको शैक्षिक उपलब्धिस्तर सुधार गर्ने प्रयासहरु २८
४.३.१ विद्यालय प्रशासकले गर्नुपर्ने प्रयास २८
४.३.२ शिक्षकले गर्नुपर्ने प्रयास २९
४.३.३ विद्यार्थीले गर्नुपर्ने प्रयास ३०
४.३.४ अभिभावकले गर्नुपर्ने प्रयास ३०
४.३.५ सम्बन्धित संघ संस्थाको प्रयास ३१

## अध्याय पाँच
## सारांश, निष्कर्ष र सुझावहरु

५.१ मुख्य प्राप्तिहरु ३२
५.२ निष्कर्ष ३३
५.३ सुझावहरु ३४

**सन्दर्भग्रन्थ सूची**

**अनुसूचीहरु**